कलैया उपमहानगरपालिकाद्वारा प्रकाशित

# कलैया राजपत्र

खण्डः ८ | संख्याः ४ | मितिः २०८२/५/२५

## भाग — २

### कलैया उपमहानगरपालिका

**बारा, मधेश प्रदेश, नेपाल**

## जीविकोपार्जन सुधारका लागि व्यवसायिक पशुपालन तथा प्रजन्न र खोर सुधार कार्यक्रम कार्यविधि, २०८२

**प्रस्तावना**

कलैया उपमहानगरपालिको वडा नं -२६ क्षेत्रमा सामाजिक-आर्थिक हिसाबले पछाडी परेका विपन्न वर्ग वा समुदायको जीवन रक्षा तथा तिनको घर परिवारलाई जीविकोपार्जनको लागि आधारभूत आवश्यकताको क्षेत्रमा सहयोग पुग्ने गरि आर्थिक उन्नति, सामाजिक प्रतिष्ठा र सम्मान अभिवृद्धि गराउने साथै न्यून आर्थिक स्थिति भएका नागरिकहरुलाई जीवनयापन गराउने उदेश्यले कलैया

नगरकार्यपालिकामा प्रस्तुत मितिः २०८२/५/१७ नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८२/५/१७ प्रमाणीकरण मितिः २०८२/५/२५

CamScanner

उपमहानगरपालिकाको वडा नं -२६ मा विशेष अनुदान मार्फत कार्यक्रमको रुपमा रहेको जीविकोपार्जन सुधारका लागि व्यवसायिक पशुपालन तथा प्रजनन क्रियाकलाप प्रोत्साहन गर्न र खोर सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न वान्छनीय भएकोले, कलैया उपमहानगरपालिको प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा ४ वमोजिम नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** :- (१) यस कार्यविधिको नाम जीविकोपार्जन सुधारका लागि व्यवसायिक पशुपालन तथा खोर सुधार कार्यक्रम सम्बन्धी कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा** :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क. "अनुदान" भन्नाले लाभंग्राही वा लक्षित वर्गवाट निजहरुले स्थानीय स्रोत साधन र सिपको उपयोग गरि ज्ञान सीप तथा क्षमता अभिवृद्धि मार्फत आफ्नो र परिवारको जीविकोपार्जनको लागि आधारभूत आवश्यकताको क्षेत्रमा सहयोग पुर्याई आर्थिक समुन्नती, सामाजिक प्रतिष्ठा र सम्मान वृधि गर्ने किसिमका कार्यक्रमबाट हासिल गरेका उपलब्धिको अनुपातमा निजहरुलाई प्रदान गरिने सहायतालाई सम्झनुपर्छ ।

ख. "आधारभूत आवश्यकता भन्नाले जीविकोपार्जन, लघु तथा घरेलु उधम लगायतका विषय सम्झनुपर्छ ।

ग. "कार्यपालिका भन्नाले कलैया उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

घ. "कार्यविधि" भन्नाले कलैया उपमहानगरपालिकाको वडा नं.-२६ जीविकोपार्जन सुधारका लागि व्यवसायिक पशुपालन तथा खोर सुधार कार्यक्रम सम्बन्धी कार्यविधि, २०८२ सम्झनुपर्छ ।

ङ."जीविकोपार्जन कार्यक्रम" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिमको क्षेत्रमा संचालन हुने कार्यक्रम सम्झनुपर्छ ।

च."नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको कलैया उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

छ. "लाभग्राही वा लक्षित वर्ग भन्नाले कलैया उपमहानगरपालिका वडा नं. २६ महेशपुरका छनोट भएका कृषकहरुलाई सम्झनुपर्छ।

ज. "बोलकर्ता" भन्नाले जीविकोपार्जनको लागि व्यवसायिक पशुपालन तथा खोर सुधार कार्यक्रममा सहयोग पुर्याउने संस्थालाई सम्झनुपर्छ ।

झ. "पशुपालन" भन्नाले जीविकोपार्जनको लागि व्यवसायिक गाई र भैसीको पालनपोसनलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## कार्यक्रम संचालनको विधि

**३. कार्यक्रम संचालन क्षेत्र :-** जीविकोपार्जनको लागि व्यवसायिक पशुपालन तथा खोर सुधार कार्यक्रम मुलतः निम्न क्षेत्रमा संचालन हुनेछ।

(क) पशु (दुहुना भैसी, दुहुना गाई, उननत जातका पाडापाडी र बाच्छाबाच्छी) पालन,

(ख) खोर सुधार तथा मर्मत कार्यक्रम,

(ग) प्रजनन केन्द्रको स्थापन तथा संचालन,

(घ) दुधको बजारीकरणको लागि दुध संकलन केन्द्रको स्थापना तथा संचालन,

**४. कार्यक्रम संचालनको विधि :-** (१) यस नगरपालिका अन्तरगतको वडा नं. २६ का कृषकहरुलाई पशु (दुहुना भैसी र उननत जातका पाडापाडी) पालन सम्बन्धी तालिम, गोठ सुधार र दुहुना भैसी उपलब्ध गराइनेछ।

(२) लाभग्राही छनौटको लागि कार्यक्रम संचालन समितिले सम्बन्धित वडा/वडा कार्यालयमा १५ (पन्ध्र) दिने सूचना प्रकासन गरिनेछ ।

(३) पशु (दुहुना भैसी र उननत जातका पाडापाडी) वितरणको लागि लाभग्राही वा लक्षित वर्गको छनौट वडा अध्यक्षको समन्वयमा अनुसूची १ (क) र (ख) को ढाँचामा विवरण संकलन गरि वडा समितिमा पेश गरिनेछ।

(४) उपदफा (२) बमोजिम वडा समितिमा पेश भएको लाभग्राही वा लक्षित वर्गको विवरण छानबिन गरि उपयुक्त नाम कार्यक्रम संचालन समिति समक्ष पेश गरिनेछ र कार्यक्रम संचालन समितिले लाभग्राही छनौट गरि तालिम, गोठ सुधार र दुहुना भैसी उपलब्धको लागि सिफारिस गर्नेछ।

(५) उपदफा ३ बमोजिम छनौट भई आएको लाभग्राहीहरुलाई पशु पालन तथा गोठ सुधार सम्बन्धी ३ (तिन) दिने तालिम प्रदान गरिनेछ।

(६) उपदफा ४ बमोजिम तालिम प्राप्त लाभग्राहीहरालाई पशु (दुहुना भैसी र उननत जातका पाडापाडी) उपलब्ध गराउनको लागि सहजीकरण गरिनेछ।



CamScanner

(७) तालिम ,अनुगम, गोठ सुधार, उनत जातिको पशु (दुहुना भैसी र उननत जातका पाडापाडी) छनोट सम्बन्धि औलोकन तथा भ्रमण र भैसी ढोवानी खर्च वापतको रकम अनुदानबाट तालिम सम्पन्न प्रतिवेदन ,अनुगमन प्रतिवेदन, औलोकन, भ्रमण तथा ढोवानी खर्चको विल भौचर प्राप्त भए पश्चात् कार्यक्रम संचालम समिति संयोजकको सिफारिसमा भुक्तानी गरिनेछ ।

(८) कार्यक्रमको वजेट खर्च प्रचलित कानूनको अधिनमा रही गरिनेछ ।

५. **प्रजनन केन्द्र संचालन** :- कलैया उपमहानगरपालिकाको वडा नं. २६ अनतरगतका छनोट भएका र आवश्यक पूर्वाधार भएका एकवटा पशु विकास फर्मलाई प्रजनन केन्द्र संचालनको जिमेवारी दिइनेछ ।

६. **जुनोटिक रोगको रोकथाम तथा नियन्त्रण** :- जुनोटिक रोगको रोकथाम तथा नियन्त्रणको लागि पशु चिकित्सा मार्फत पशुहरुको रोगको रोकथाम तथा नियन्त्रण गरिनेछ ।

७. **कार्यक्रम कार्यान्वयन** :- कलैया उपमहानगरपालिकाको वडा नं. २६ मा संचालन हुनेछ। जसको नेतृत्व कार्यक्रम संचालन समितिले गर्नेछ।

८. **लाभग्राही वा लक्षित वर्ग छनौटको आधार** :- लाभग्राही वा लक्षित वर्ग छनौटको आधार अनुसूची -१ (ख) बमोजिम हुनेछ।

९. **बजेट खर्च गर्ने सम्बन्धी व्यवस्था** :- (१) विशेष अनुदान मार्फत प्राप्त भएको रकम कार्यक्रमको डिजाईन र लागत अनुमानको अनुसार बोलपत्र गरी खर्च गरिनेछ।

(२) लाभग्राहीहरुको पशु (दुहुना भैसी र उननत जातका पाडापाडी) बोलकर्ता र कार्यक्रम संचालन समिति मार्फत उपलब्ध गराइनेछ ।

(३) लाभग्राहीले पशु (दुहुना भैसी र उननत जातका पाडापाडी) को बीमा स्वयम गराई प्रमाण सहित आएमा लाभग्राहीलाई पशु प्राप्तिको प्रमाणपत्र उपलब्ध गराइनेछ ।

(४) तालिम, बैठक, अनुगमन र भ्रमण खर्चको रकम अनुदानबाट भुक्तानी हुनेछ ।

१०. **विमा गर्नु पर्ने** :- यस कार्यविधि वमोजिम अनुदान प्राप्त गर्ने लाभग्राहीले दुहुना भैसीको वीमा स्वयं गर्नु पर्नेछ।

११. **समयसीमा पालन** :- अनुदान प्राप्त लाभग्राहीले कम्तिमा ५ वर्ष भैसी पालन गर्नु पर्नेछ। भैसीको पालन पोषण तथा संरक्षण गर्ने जिम्मेवारी सम्वन्धित लाभग्राहीको हुनेछ।

१२. **विवरण सुरक्षित राख्नु पर्ने** :- वडा समितिमा पेश भएको लाभग्राहीहरुको विवरण वडा कार्यालयमा सुरक्षित राखुपर्नेछ ।



CS CamScanner

१३. **असुल उपर गर्ने** :- नगरपालिकाले यस कार्यविधि बमोजिम उपलब्ध गराएको पशु (दुहुना भैसी र उननत जातका पाडापाडी) हिनामिना भएमा वा दफा ९ बमोजिम पालना नभएमा पशु (दुहुना भैसी र उननत जातका पाडापाडी) बापतको अनुदान रकम असुल उपर गरिनेछ ।

१४. **दोहोरो सुविधा लिन नपाउने** :- लाभग्राहीले एकै परिवारका अन्य व्यक्तिको नाममा दोहोरो अनुदान लिन पाउने छैन ।

१५. **पशु उपलब्ध नगराउने** :- पशु पालनको लागि आवश्यक आधारभूत बस्तु (नाद, पराल तथा भूसा राखे ठाउँ, मलमूत्र विसर्जित गर्ने ठाउँ) नभएका लाभग्राहीलाई समितिले छनौट गर्न वा पशु उपलब्ध गराउन वाध्य हुने छैन ।

१६. **वडा कार्यालयको जिमेवारी** :- लाभग्राहीको पशु (दुहुना भैसी र उननत जातका पाडापाडी) बाट आर्थिकस्तरको प्रगति प्रतिवेदन अनुसूची २ बमोजिमको ढाँचामा प्रत्येक वर्षको विवरण संकलन गराई नगरपालिकाको सम्बन्धित शाखामा पेश गर्नु पर्नेछ।

## परिच्छेद-३
## संस्थागत व्यवस्था

१७. **कार्यक्रम निर्देशिक समिति** :- (१) नगरपालिका तहमा कार्यक्रम निर्देशिक समिति देहाय बमोजिमको रहनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उपप्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) आर्थिक प्रशासन प्रमुख | सदस्य |
| (ङ) पशु सेवा शाखा प्रमुख | सदस्य |
| (च) सूचना प्राविधिक शाखा प्रमुख | सदस्य |
| (छ) परियोजना सम्पर्क व्यक्ति | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित निकायका प्रतिनिधि/विषय विज्ञलाई समेत आमन्त्रित गर्न सकिनेछ ।

१८. **कार्यक्रम निर्देशिक समितिको काम, कर्तव्य र अधिकारः**

(क) संभावित व्यक्ति/वर्ग छनौटको लागि मापदण्ड निर्धारण गर्ने,

(ख) कार्यक्रम संचालन समितिबाट पेश भई आएको संख्यालाई बजेट अनुसार लाभग्राहीहरुको संख्या निर्धारण गर्ने,



CamScanner

(ग) प्रचलित कानून बमोजिम कार्यक्रम संचालनको तरिका एवम प्रकृयाको निर्धारण गर्ने,

(घ) कार्यक्रम संचालनको शर्त सम्झौता सहितको विस्तृत कार्यक्रम कार्यान्वयन योजना तर्जुमा गर्ने,

(ङ) स्वीकृत वजेट र कार्यक्रम अनुसार कार्यक्रम कार्यान्वयन गराउने र सोको नियमित अनुगमन र मूल्यांकन गर्ने

(च) लाभग्राही वा लक्षित वर्गका व्यक्तिहरुको विवरण तालिम तथा अनुदानको लागि अध्ययन, विश्लेषण र मुल्याकन गरि स्वीकृत गर्ने,

(छ) कार्यक्रम निर्देशिका समितिको बैठक बोलाउने र

(ज) समितिबाट तोकिएको अन्य कार्य गर्ने,

**१९. कार्यक्रम संचालन समिति :-** (१) वडा स्तरमा कार्यक्रम संचालन समिति देहाय बमोजिमको रहनेछ ।

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| (ख) सम्बन्धित वडाको वडा सदस्य १ जना | सदस्य |
| (ग) पशु सेवा शाखा प्रमुख | सदस्य |
| (घ) परियोजना सम्पर्क व्यक्ति | सदस्य |
| (ङ) वडा सचिव | सदस्य-सचिव |

(२) उपदफा (१) वमोजिमको समितिको बैठकमा आवश्यकतानुसार कार्यक्रम संचालन समितिले विषय विज्ञलाई आमन्त्रित गर्न सकिनेछ ।

**२०. कार्यक्रम संचालन समितिको काम, कर्तव्य र अधिकार:**

(क) कार्यक्रम निर्देशिका समितिले निर्धारण गरेको मापदण्ड अनुसार कार्यक्रम संचालन गर्ने,

(ख) वडा समिति मार्फत लाभग्राहीहरुको विवरण संकलन भई आएपछि छानविन पश्चात कार्यक्रम संचालन समितिमा पेश भएको विवरण निर्देशिका समितिमा पेश गर्ने।

(ग) स्वीकृत वजेट र कार्यक्रम अनुसार कार्यक्रम कार्यान्वयन गराउने र सोको नियमित अनुगमन र मूल्यांकन गर्ने,

(घ) वडामा संचालन हुने कार्यक्रमको नियमित सहजीकरण, समन्वय र अनुगमन गर्ने,

(ङ) समितिबाट तोकिएको अन्य कार्य गर्ने,

**२१. वडा समितिको काम, कर्तव्य र अधिकार;**



CamScanner

(क) कार्यक्रम संचालनको लागि वडा समितिले लाभग्राहीहरुको विवरण दफा ४ को उपदफा ३ बमोजिम संकलन गरि कार्यक्रम संचालन समितिलाई पेश गर्ने।

(ख) वडामा संचालन गरिने कार्यक्रमको नियमित सहजीकरण र समन्वय गर्ने,

(ग) संचालित कार्यक्रमको सुरक्षित अभिलेखीकरण र अनुगमन गर्ने।

## परिच्छेद-४

## विवध

२२. **गुनासो व्यवस्थापन** :- (१) लाभग्रहिले अनुदान प्राप्तिका सम्बन्धमा कुनै गुनासो भएमा कार्यक्रम संचालन समिति मार्फत नगर प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(२) उप दफा (१) बमोजिम लाभग्राहिबाट कुनै गुनासो आएमा नगर प्रमुखले दफा १४ बमोजिमको समितिमा छलफल गरि व्यवस्थापन गर्नु पर्नेछ ।

२३. **जाँच पास तथा फरफारक** :- कार्यक्रममा खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

२४. **विवरणको अभिलेख राखी सार्वजनिक गर्नुपर्ने** :- यस कार्यविधि बमोजिम व्यवसायिक भैसी पालनपोसनको सुविधा लिएका व्यक्ति वा परिवारको विवरण नगरपालिका र वडा कार्यालयले अभिलेखको रुपमा सुरक्षित राख्नु पर्नेछ।

२५. **अनुदान कार्यक्रम रद्द गर्न सक्ने** :- कुनै कार्य प्रचलित कानून विरुद्ध भएमा कार्यक्रम संचालन समितिको सिफारिसमा कार्यालयले कार्यक्रम अगाडी बढाउँ उपयुक्त नदेखिएमा पुर्व जानकारी दिई अनुदानको रकम भुक्तानी नदिइ कार्यक्रम रद्द गर्न सक्नेछ।

२६. **कारवाही हुने** :- यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएका व्यक्तिले झुठा/गलत विवरण पेश गरेमा सुविधा खारिज गरिनेछ। झुठा विवरण पेश गरि सुविधा लिएको पाइएमा वा प्रमाणित भएमा निजलाई कार्यपालिकावाट निर्णय गरि एक वर्ष सम्सको लागि वडा कार्यालय र नगरपालिकाबाट उपलब्ध गराउने सबै किसिमका सेवामा रोक्का लगाउन सकिनेछ।

२७. **बाधा अडकाउ फुकाउ** :- यस कार्यबिधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आइपरेमा कार्यक्रम संचालन समितिको सिफरिसमा कार्यपालिकाले निर्णय गरि बाधा अड्काउ फुकाउन सक्नेछ।

२८. **संशोधन, बचाउ र खारेजी** :- (१) यस कार्यविधिको संशोधन गर्नुपरेमा कार्यपालिकाले निर्णय गरि आवश्यक संशोधन गर्न सक्नेछ।




CamScanner

(२) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुका हकमा कार्यविधि वमोजिम हुनेछ र कार्यविधिमा उल्लेख नभएका व्यवस्थाका हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**२९. भैसी र राँगा खरिद मापदण्ड :-** गाई, भैसी र राँगा खरिद गर्दा निम्न मूल्य निर्धारण गरिनेछ।

| क्र.स्. | विवरण | औसत खरिद मूल्य ने.रु | कैफियत |
|---|---|---|---|
| १ | **पाडी संगको दुहुना भैसी) मुरा क्रस(** | | |
| १.१ | ६ देखि ८ लि .दुध दिने | १,२५,००० | |
| १.२ | ८ देखि १० लि .दुध दिने | १,५०,००० | |
| २ | **पाडा संगको दुहुना भैसी) मुरा क्रस(** | | |
| २.१ | ६ देखि ८ लि .दुध दिने | १,१५,००० | |
| २.२ | ८ देखि १० लि .दुध दिने | १,४०,००० | |
| ३ | प्रजननको लागि) मुरा क्रस (राँगा | २,००,००० | |

**३०. गोठ निर्माणको ढाँचा तथा मापदण्ड :-** (१) तल उल्लेखित ढाँचा तथा मापदण्ड अनुसार २ वटा बस्तु अट्ने सेड छनौट गरिनेछ,



Floor dimension 12 feet X 8 feet
For accomodating 2 cattles

(२) उपदफा (१) वमोजिमको गोठको ढाँचा तथा मापदण्ड अनुसार प्राविधिक शाखाबाट प्रस्तावमा उल्लेखित बजेट अनुसार लागत अनुमान तयार गरी बोलपत्र आहवान गरिनेछ।

## अनुसूची -१ (क)

## जीविकोपार्जन सुधारका लागि व्यवसायिक दुहुना भैसी पालनको लागि आवद

मिति :- २०८२/....../.......

श्री अध्यक्षज्यू,
वडा नं.-२६
कलैया उपमहानगरपालिका
कलैया, वारा ।

विषय :- जीविकोपार्जन सुधारका लागि व्यवसायिक दुहुना भैसी पालन कार्यक्रम सम्वन्धमा।

प्रस्तुत विषयमा जीविकोपार्जनको लागि दुहुना भैसी पालन कार्यक्रममा सहभागिताको लागि मिति २०८२/......./.........गतेको प्रकाशित सूचन र कलैया उपमहानगरपालिकाको जीविकोपार्जन सुधारका लागि व्यवसायिक पशुपालन तथा प्रजनन र खोर सुधार कार्यक्रम कार्यविधि, २०८२ अनुसार तपसिलमा उल्लेखित विवरण सहित यो निवेदन गरेको छु ।

**तपसिल**

- नागरिकताको प्रतिलिपि ।
- जग्गाधनी लालपुर्जाको प्रतिलिपि ।
- छनौट पछि विमाको कागजात पेश गर्ने।
- अनुसूची -१ (ख) सहभागी छनोट फारम।

**निवेदक**

नाम,थर :-................................................

ठेगाना :-................................................

मोबाइल नं. :-..........................................

हस्ताक्षर :-...............................................

मिति :-....................................................

नगरकार्यपालिकामा प्रस्तुत मितिः २०८२/५/१७ नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८२/५/१७ प्रमाणीकरण मितिः २०८२/५/२५

अनुसूची -१ (ख)

सहभागी छनोट फारमको ढाँचा

आधारभूत सर्भेक्षण फारम

व्यक्तिको नाम
:........................................................................................................................................................

बुवा वा पतिको नाम, थर:-
........................................................................................................................................................

ठेगाना, जिल्ला:-बारा नपा:- कलैया उपमहानगरपालिका वडा नं.:-...... टोल:-
...........................................

घर नं..........., मोबाइल नं...........................................

| १.० परिवारिक विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.स् | परिवारिक सदस्यको नामावली | घरमुलिसंगको नाता | उमेर | लिंग | साक्षरताको स्तर | पेशा | जाति | सिप/तालिम |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

नगरकार्यपालिकामा प्रस्तुत मितिः २०८२/५/१७ नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८२/५/१७ प्रमाणीकरण मितिः २०८१/५/२५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

विशेष अवस्था :- शारीरिक अपांगता............. एकल महिला............... द्वन्द पिडित.............
अन्य.....................

## २.० सामाजिक अवस्था

२.१ तपाई कुन कुन संघ संस्थामा आवद्ध हुनुहुन्छ ।

| क.स् | संघ संस्था/समुह संजाल | पद | पुरुष | महिला | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

## ३.० भौतिक अवस्था

३.१ जग्गाको स्वामित्व

| क.स् | जग्गाको स्वामित्व | क्षेत्रफल |
|---|---|---|
| १ | आफनै | |
| २ | अधिया कमाएको | |
| ३ | बन्धकी लिएको | |

| | | |
|---|---|---|
| ४ | ऐलानी जग्गा | |

३.२ अन्य आधारभूत पूर्वाधारको विवरण र अवस्था

| क.स | भौतिक सम्पति | छ | छैन | प्रकार (कच्ची वा पक्कि) | अवस्था (राम्रो, ठिकै, जोखिमपूर्ण) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | घर | | | | | |
| २ | गोठ | | | | | |
| ३ | चारको लागि जग्गा | | | | | |
| ४ | शौचालय | | | | | |
| ५ | खानेपानी | | | | | |
| ६ | बिजुली | | | | | |
| ७ | अन्य | | | | | |

## ४.० आर्थिक अवस्था

### ४.१ जीविकोपार्जनको अवस्था

| क.स | जीविकोपार्जनका श्रोतहरु | वार्षिक लगानी (रु) | रोजगारी | वार्षिक आम्दनी | वार्षिक वचत वा नाफा |
|---|---|---|---|---|---|
| १ | खेतीपाती | | | | |
| २ | पशुपालन | | | | |
| ३ | ज्याला मजदुरी | | | | |
| ४ | जागिर | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | व्यापार व्यवसाय | | | | |
| ६ | अन्य | | | | |

४.२ तपाईले उत्पादन गरेको वस्तु कहाँ विक्री गर्नु हुन्छ ।

गाउँमा ☐ स्थानीय वजारमा ☐ संस्थालाई ☐ जिल्लामा ☐

४.३ तपाईलाई आफ्नो खेतवारीबाट प्राप्त अन्नले कति महिना जति खान पुग्छ। ..,...............महिना।

४.४ वाकी महिनाको लागि खाधान कसरी जुटाउनु हुन्छ।

ज्याला मजदुरी ☐ वैदेशिक रोजगार ☐ ऋण ☐

आज्ञाले

नाथु साह

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत